Journal of TESON
Vol. 4, No.1: 101-113, May, 2026
Teacher Educators' Society - Nepal (TESON)
DOI: https://doi.org/10.3126/jteson.v4i1.94112

# नेपाली विषय सिकाइमा आवधिक मूल्याङ्कनको प्रभाव र अवस्था

**सुनिता श्रेष्ठ**

एमफिल अध्येता, ग्राजुएट स्कुल अफ एजुकेसन, त्रिवि, कीर्तिपुर ।
Email: sairasshrestha@gmail.com

## लेखसार

मूल्याङ्कनलाई शिक्षण सिकाइको चक्रिय प्रक्रियाभित्रको एक अभिन्न अंगको रूपमा लिइन्छ । शिक्षणका क्रममा निश्चित विषयवस्तुमा रहेर निश्चित समयावधि तोकेर लिइने मूल्याङ्कन आवधिक मूल्याङ्कन हो । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा तयार पारिएको छ । यस अध्ययनमा विशेष गरी आवधिक मूल्याङ्कनले भाषिक सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ भनी अध्ययन गरिएको छ । नेपाली विषय सिकाइ उपलब्धिमा आवधिक मूल्याङ्कनको प्रभावकारिताको अध्ययन गर्नका लागि सम्बन्धित विद्यालयको नेपाली विषय शिक्षक र ५ जना विद्यार्थीहरूलाई संरचित प्रश्नावली निर्माण गरी गहन अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ । शिक्षणका क्रममा श्रुतिलेखन, अनुलेखन, सिर्जनात्मक लेखन आदि गराएर आवधिक मूल्याङ्कन गर्ने गरेको अध्ययनबाट आएको छ । यसरी भाषिक सिप विकास हुनुमा आवधिक मूल्याङ्कन उपयुक्त रहेको कुरा अध्ययनबाट प्राप्त भयो । शिक्षण सिकाइका क्रममा आवधिक मूल्याङ्कनलाई निर्णयात्मक रूपले मात्र प्रयोग नगरी रचनात्मक रूपमा पनि प्रयोग गर्न सकिने कुरा अध्ययनबाट निष्कर्ष प्राप्त भएको छ । वर्तमान शैक्षिक क्षेत्रमा आधारभूत तहको मूल्याङ्कन प्रणालीमा आन्तरिक अथवा निरन्तर मूल्याङ्कनलाई बढी जोड दिएको पाइन्छ । जुन किसिमले आन्तरिक मूल्याङ्कनलाई प्रयोग गरी शैक्षिक गुणस्तरमा वृद्धि हुनु पर्ने थियो सोही बमोजिम प्रयोग नगरी पूर्वाग्रहको प्रभावका कारण शैक्षिक गुणस्तर खस्कदो अवस्था सिर्जना भएको देखिन्छ । यस सन्दर्भमा पनि आवधिक मूल्याङ्कन प्रभावकारी देखिन्छ । आवधिक मूल्याङ्कनमा उच्च विश्वासनीयता हुन्छ । आवधिक मूल्याङ्कनमा पूर्वाग्रहको प्रभाव हुँदैन ।

*शब्दकुन्जी :* आवधिक - मूल्याङ्कन - भाषिक-सिप - चुनौति - शिक्षण-सिकाइ - शैक्षिक-उपलब्धि ।

## परिचय

मूल्याङ्कन शिक्षाको अभिन्न अङ्ग हो । मूल्याङ्कनको उद्देश्य शैक्षिक प्रक्रियाबाट प्राप्त उपलब्धिको लेखाजोखा गर्नु हुन्छ । शिक्षण सिकाइपश्चात् विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका आधारमा लेखाजोखा गरिन्छ । आवधिक मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कनअन्तर्गत पर्दछ । आवधिक मूल्याङ्कन योजनाबद्ध ढङ्गले सञ्चालन गरिन्छ । आवधिक मूल्याङ्कनमा निश्चित समय र ढाँचामा सञ्चालन गरिन्छ । घिमिरे, खनाल र निउरे (२०८०) का अनुसार शिक्षण सिकाइ प्रक्रियामा सिकाइका उद्देश्य तथा विषयवस्तु निर्धारण गर्ने, सिकाइमा पूर्वसमस्याहरूको लेखाजोखा गर्ने, उपयुक्त साधन र विधिहरूको प्रयोग गरी शिक्षण गर्ने, सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न

मूल्याङ्कनका नतिजालाई उपयोग गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउने काम मूल्याङ्कनले गर्दछ ।

आवधिक मूल्याङ्कनमा वर्तमान अभ्यासलाई हेर्दा आधारभूत तह कक्षा ४-८ मा ५०% आन्तरिक मूल्याङ्कन र ५०% आवधिक मूल्याङ्कनको व्यवस्था गरिएको छ । त्यस्तै गरी माध्यमिक तह कक्षा ९-१० मा २५% आन्तरिक मूल्याङ्कन र ७५% आवधिक मूल्याङ्कनको व्यवस्था राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ संशोधन सहित २०७९ ले ल्याएको नीति हो । आवधिक मूल्याङ्कनको कार्यान्वयनका क्रममा नेपालको शैक्षिक प्रणालीमा निरन्तर मूल्याङ्कन प्रणाली उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले ५ वटा जिल्लामा परीक्षणका रूपमा सञ्चालन गऱ्यो र राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७९ ले अनिवार्य रूपमा प्रयोग गरे पनि वर्तमान समयसम्म आइपुग्दा सफल मूल्याङ्कन प्रणालीमा नरहेको देखिन्छ । निरन्तर मूल्याङ्कन सिकारुहरूका लागि उपयोगी छ । तर पनि खाली सिकाइमा सुधार नल्याई कक्षा मात्र बढाउने हेतुले निरन्तर मूल्याङ्कन सफल मूल्याङ्कनका रूपमा मानिरहेको छैन । मूल्याङ्कनका रूपमा निरन्तर मूल्याङ्कनको अभ्यासमा फितलो देखिएको सन्दर्भमा आवधिक मूल्याङ्कन नै बढी उपयोगी देखिएको छ । किनकी आवधिक मूल्याङ्कनको निर्णयात्मक भूमिका हुन्छ । यसमा विद्यार्थीहरूको सिकाइ उपलब्धि लेखाजोखा गर्ने क्रममा निष्पक्ष ढङ्गमा उपयोग गरिन्छ । आवधिक मूल्याङ्कनमा पूर्वाग्रहको प्रभाव पर्दैन । त्यसैले विद्यार्थीहरू बढी सचेत बन्न सक्छन् ।

आवधिक मूल्याङ्कन भाषिक मूल्याङ्कनका सन्दर्भमा विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्धारण गर्ने क्रममा निश्चित समयअवधि तोकेर सञ्चालन गर्छ । यो औपचारिक प्रकृतिको हुन्छ । यसले प्रमाणपत्र दिने काम गर्छ । आवधिक मूल्याङ्कन निश्चित समयअवधि तोकेर सञ्चालन गरिने हुदाँ अर्धवार्षिक परीक्षा वार्षिक परीक्षा, जिल्लास्तरीय परीक्षा, केन्द्रीय परीक्षाहरू आवधिक मूल्याङ्कन अन्तरगत पर्दछन् । आवधिक मूल्याङ्कनमा प्रशासक, राष्ट्रिय परीक्षा बोर्ड, बाह्य परीक्षक आदिको संलग्नता रहन्छ ।

वर्तमान समयसम्म आइपुग्दा आवधिक मूल्याङ्कन उपयोगी साधनका रूपमा हुँदाहुँदै पनि यस विषयमा सम्बन्धित सरोकारवाला, अनुसन्धानकर्ता र खोजकर्ताहरूले अध्ययन अनुसन्धान नगरिएको हुँदा आवधिक मूल्याङ्कनले पनि भाषिक सिप तथा भाषिक सिकाइ उपलब्धि मापनको भरपर्दो र प्रभावकारी साधन हो भन्ने जानकारी गराउने हेतुले यो लेख तयार पारिने छ । आवधिक मूल्याङ्कन परापूर्वकालदेखि नै कार्यान्वयनमा आएको र वर्तमान समयसम्म पनि कायमै रहिरहेको छ । तरपनि आवधिक मूल्याङ्कनलाई छाँयामा पार्न खोजिरहेको देख्न सकिन्छ । करिब डेढ दशक अगाडिदेखि मूल्याङ्कन प्रणालीमा निरन्तर मूल्याङ्कनलाई कार्यान्वयनमा ल्याएको हो । यस सन्दर्भले पनि आवधिक मूल्याङ्कनमा सम्बन्धित सरोकारवालाहरूले कम चासो देखाइएको पाइन्छ । निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी तथा सुधारात्मक मूल्याङ्कन प्रणाली हुँदाहुँदै पनि यसको कार्यान्वयनमा समस्या देखापरेको छ । विद्यार्थीहरूको वास्तविक सिकाइ उपलब्धिमा ध्यान नदिई बढी पूर्वाग्रहको प्रभाव पर्ने देखिन्छ । जसले गर्दा सिकाइ उपलब्धिको दक्षतामा कमजोर अवस्था सिर्जना हुन पुगेको छ । जुन तहमा विद्यार्थीहरूले जति ज्ञान सिप आर्जन गर्नुपर्ने थियो, तहगत सक्षमता हासिल गर्नुपर्ने थियो तर त्यस तहमा त्यति ज्ञान, सिप आर्जन नगरी खाली कक्षा चढाइने काम भएको देखिन्छ । यस्ता कुराहरूले गर्दा आवधिक मूल्याङ्कन प्रभावकारी मूल्याङ्कनका रूपमा रहेको देखिन्छ । कक्षा सातका नेपाली भाषा सिकाइमा आवधिक मूल्याङ्कनको अवस्था केलाउनु, अध्ययनको उद्देश्य हो।

## विधि तथा प्रक्रिया

नेपाली विषय सिकाइमा आवधिक मूल्याङ्कनको प्रभाव र अवस्था शीर्षकमा प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा तयार पारिएको छ । यस अध्ययनमा विशेष गरी आवधिक मूल्याङ्कनले भाषिक सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययन गरिएको छ । नेपाली विषय सिकाइ उपलब्धिमा

आवधिक मूल्याङ्कनको प्रभावकारिताको अध्ययन गर्नका लागि सम्बन्धित विद्यालयको नेपाली विषय शिक्षक र ५ जना विद्यार्थीहरूलाई गहन अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ । सातओटा मुख्य विषयवस्तुमा आधारित भई अन्तर्वार्ता लिइएको छ । उक्त विषयवस्तु यसप्रकार छन् : नीतिगत व्यवस्था, शिक्षक विद्यार्थीको अनुभव, स्वरूप र उपयोग, उपयोगिता, सन्तुष्टि, भाषिक सिप विकास तथा चुनौति । निर्दिष्ट विषयवस्तुमा सहभागीबाट प्राप्त भएका प्रतिक्रियाका आधारमा लेख तयार पारिएको छ ।

## प्राप्ति र छलफल

कक्षा सातका विद्यार्थीहरूको नेपाली भाषा विषय सिकाइमा आवधिक मूल्याङ्कन शीर्षकमा लेख तयार पार्ने क्रममा सम्बन्धित क्षेत्रमा प्रत्यक्ष सहभागी भई तथ्याङ्क सङ्कलन गरी प्राप्त तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गरिएको छ । प्रस्तुत लेख तयार पार्ने क्रममा तीन ओटा उद्देश्यहरूः कक्षा सातका विद्यार्थीहरूको नेपाली भाषा विषय सिकाइमा आवधिक मूल्याङ्कनको अवस्था केलाउनु, भाषिक सिप विकासमा आवधिक मूल्याङ्कनको उपयोगिता पहिल्याउनु र आवधिक मूल्याङ्कनप्रति शिक्षक र विद्यार्थीको अनुभव विश्लेषण गर्नु सँग सम्बन्धित रहेको छ । उक्त उद्देश्यहरू सम्बन्धित क्षेत्रमा गई नेपाली भाषा विषय शिक्षण गर्ने शिक्षक र विद्यार्थीहरूसँग गहन अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ ।

आधारभूत तह कक्षा ७ मा नेपाली भाषा विषयमा आवधिक ५० प्रतिशत र आन्तरिक ५० प्रतिशत मूल्याङ्कन गर्ने मापदण्ड वर्तमान राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले ल्याएको छ । उक्त मापदण्डअनुसार विद्यालयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्धारण गर्ने गरेको पाइन्छ । आन्तरिक मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन र निर्माणात्मक मूल्याङ्कन भनेर पनि चिनिन्छ । त्यस्तैगरी आवधिक मूल्याङ्कन भनेको निश्चित समयावधि तोकेर लिइने मूल्याङ्कन हो । यो बढि औपचारिक प्रकृतिको हुन्छ । यसलाई वार्षिक परीक्षा, राष्ट्रिय परीक्षा बोर्डले लिने परीक्षा, स्तरीकृत परीक्षा आदिका रूपमा चिनिएता पनि आवधिक मूल्याङ्कनलाई शिक्षण सिकाइका क्रममा पनि आवश्यकता अनुसार प्रयोगमा ल्याउन सकिन्छ । आवधिक मूल्याङ्कनलाई एउटा निश्चित समयावधिमा लिइने मूल्याङ्कनका रूपमा चिनिन्छ । शिक्षण सिकाइका क्रममा पनि शिक्षकले निश्चित समयावधि र निश्चित विषयवस्तु तोकेर आवधिक मूल्याङ्कन लिन सक्छन् । आवधिक मूल्याङ्कन विद्यार्थीहरूको सिकाइको निर्णय गर्नका गर्नलागि मात्र प्रयोग नगरी शिक्षण सिकाइको क्रममा सुधारात्मक रूपमा पनि प्रयोग गर्न सकिन्छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूमा देखिएको कमिकमजोरी पत्ता लगाइ पृष्ठपोषण प्रदान गर्न सकिन्छ ।

आवधिक मूल्याङ्कन सुधारात्मक प्रयोजनका लागि पनि गरिन्छ । आवधिक मूल्याङ्कनको नतिजाले शैक्षिक कार्यक्रमका सुधारात्मक पक्षहरू निर्देशित गर्न सक्छ । जसले सम्बन्धित सरोकारवालाहरूलाई पृष्ठपोषण उपलब्ध गराउँछ । शैक्षिक कार्यक्रमका कुन कुन पक्षमा सुधार आवश्यक देखिन्छ भन्ने सवालमा आधारित सूचनाहरू उपलब्ध भएको र यी यी अपेक्षित उपलब्धि प्राप्त हुन नसकेको भन्ने कुराको जानकारी उपलब्ध गराउँछ । जसका आधारमा शैक्षिक गतिविधिमा सुधार गर्न सकिन्छ ।

आवधिक मूल्याङ्कनको नेपाली भाषा विषय शिक्षण सिकाइका क्रममा के कस्तो उपयोगिता रहेको छ र यस मूल्याङ्कन बारे शिक्षक र विद्यार्थीमा के कस्ता अनुभव रहेको छ भनि गहन अर्न्तर्वाता प्रश्नावली तयार पारी सम्बन्धित क्षेत्रमा गइ तथ्याङ्क संकलन गरिएको छ र उक्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्न मिल्ने विषय वस्तुहरूलाई थिम निर्माण गरी व्याख्या विश्लेषण गरिएको छ ।

### नीतिगत व्यवस्था

पाठ्यक्रमले निर्धारण गरेको कक्षागत सिकाइ उपलब्धि वा उद्देश्यहरू के कति मात्रमा पूरा भए वा भएनन् भनि शैक्षिक सत्रको मध्य वा अन्त्यमा गरिने मूल्याङ्कनलाई आवधिक मूल्याङ्कन भनिन्छ । आवधिक मूल्याङ्कनले विशेषगरी कक्षा उर्त्तीण गराउने वा नगराउने भनि परीक्षा लिन्छ । यस विषयमा विद्यालय तहको पाठ्यक्रले तोकेअनुसार कक्षा ४-८ मा ५० प्रतिशत आवधिक मूल्याङ्कन गरिन्छ । साधारण शिक्षा तर्फ ९-१२ मा ७५ प्रतिशत आवधिक मूल्याङ्कन गरिने नीतिगत मापदण्ड रहेको छ ।

कक्षा सातको नेपाली भाषा विषयको मूल्याङ्कन प्रक्रियामा भएको नीतिगत व्यवस्थामा शिक्षकको भनाइ यस प्रकार रहेको छ :

कक्षा सातमा नेपाली भाषा विषयको आवधिक मूल्याङ्कन ५० प्रतिशत गर्नुपर्ने राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले ल्याएको नीतिगत व्यवस्था रहेको छ। त्यस्तैगरी समग्र रूपमा कक्षा ४-८ मा ५० प्रतिशत आवधिक मूल्याङ्कन र कक्षा ९-१२ मा ७५ प्रतिशत आवधिक मूल्याङ्कन गर्नुपर्ने वर्तमान राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले ल्याएको नीतिगत व्यवस्था रहेको छ।

अन्तर्वार्ता प्रश्नावलीमा सहभागी शिक्षकले आवधिक मूल्याङ्कनमा भएको नीतिगत व्यवस्थालाई वर्तमान राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भए बमाजिम नै कुरा उल्लेख गरिएको छ। त्यसैले शिक्षकबाट आएको कुरालाई हेर्दा उहाँलाई वर्तमान मूल्याङ्कन प्रणालिमा भएको व्यवस्था बमोजिम आवधिक मूल्याङ्कनमा भएको नीतिगत दस्तावेजमा व्यवस्था बारे जानकारी रहेको कुरा पाइयो। आवधिक मूल्याङ्कनमा नीतिगत रूपमा कस्तो व्यवस्था रहेको छ र तपाईं नेपाली भाषा विषयमा आवधिक मूल्याङ्कन कसरी गर्नुहुन्छ भनि अध्ययनका क्रममा सहभागी शिक्षकलाई गहन अर्न्तवार्ता प्रश्नावली तयार पारी सोधिएको थियो। यस विषयमा शिक्षकले कक्षा सातको नेपाली भाषा विषयमा ५० प्रतिशत आवधिक मूल्याङ्कन गर्नुपर्ने नीतिगत व्यवस्था रहेको र सोही बमोजिम नै मूल्याङ्कन गर्ने कुरा बताउनुभएको छ।

आधारभूत तह कक्षा सातमा आवधिक र आन्तरिक मूल्याङ्कन प्रणालीको नीतिगत व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम आन्तरिक र ५० प्रतिशत बाह्य मूल्याङ्कन प्रणाली रहेको छ र ५० प्रतिशत आन्तरिक मूल्याङ्कन प्रणालीमा ४ प्रतिशत कक्षा सहभागिता ३६ प्रतिशत परियोजना तथा प्रयोगात्मक कार्य र पहिलो र दोस्रो त्रैमासिक परीक्षाका ५/५ गरी १० पूर्णाङ्कको मूल्याङ्कन प्रणाली रहेको छ। पहिलो र दोस्रो परीक्षा १० प्रतिशतको भएतापनि परीक्षामा ५०/५० प्रतिशत कै प्रश्नपत्र तयार पार्नुपर्दछ। र उक्त ५० प्रतिशतलाई निम्नलिखित सूत्रद्वारा पाँच पाँच प्रतिशतमा लैजानुपर्दछ।

$$\text{विद्यार्थीले प्राप्त गरेको जम्मा प्राप्ताङ्क} = \frac{\text{विद्यार्थीको प्राप्तांक}}{50} \times 5\%$$

उक्त त्रैमासिक परीक्षालाई आवधिक मूल्याङ्कन पनि भनिन्छ। त्यस्तै गरेर वार्षिक रूपमा लिने परीक्षा ५०% को हुने नीतिगत व्यवस्था रहेको छ। यी त्रैमासिक (पहिलो, दोस्रो) परीक्षा र वार्षिक परीक्षामा विद्यार्थीहरूलाई सोधिने प्रश्न अथवा विद्यार्थीहरूको क्षमता सिकाइ स्तर पहिचान गर्नका लागि विविध विषय क्षेत्रहरूमा आधारित रहेर प्रश्न निर्माण गरी मूल्याङ्कन गर्नुपर्दछ। उक्त प्रश्न निर्माणका लागि पाठ्यक्रम विकाश केन्द्र सानोठिमी भक्तपुर ले निर्माण गरेको विशिष्टिकरण तालिका बमोजिम निम्नलिखित विषय क्षेत्रहरू र उक्त विषय क्षेत्र अन्तर्गत प्रश्न सङ्ख्या र अङ्कभार निम्नअनुसार रहेका छन् :

| **विषय क्षेत्र** | **प्रश्न सङ्ख्या** | **अंकभार** |
|---|---|---|
| शब्दभण्डार | ३ | ६ |
| वर्ण विन्यास | २ | ३ |
| भाषिक संरचना | ३ | ७ |
| पठनबोध | २ | ७ |
| बुँदा टिपोट र साराशं लेखन | १ | ४ |
| निर्देशित रचना | १ | ३ |
| व्यवहारिक लेखन | १ | ३ |
| भाव विस्तार र व्याख्या | १ | ३ |
| पाठगत प्रश्न | २ | ९ |
| निबन्ध लेखन | १ | ५ |

**शिक्षक विद्यार्थीको अनुभव**

आवधिक मूल्याङ्कन एउटा निश्चित समयअवधि र निश्चित विषयवस्तुलाई तोकेर लिइने

मूल्याङ्कन प्रणाली हो । आवधिक मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कनका रुपमा पनि चिनिन्छ । आवधिक मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिरहँदा यसले विद्यार्थीहरूलाई उत्तीर्ण अनुतीर्ण छुट्याउने मात्र काम गर्दैन विद्यार्थीहरूको सिकाई स्तरमा देखिएका कमीकमजोरीहरूलाई पहिचान गरी सुधारात्मक रचनात्मक मूल्याङ्कन साथसाथै पृष्ठपोषण दिने काम पनि गर्दछ । कक्षा ७ मा अध्ययनरत नेपाली भाषा विषय विद्यार्थीहरू र नेपाली भाषा विषयमा के कस्तो प्रभाव पारेको छ ? नेपाली भाषा विषयमा आवधिक मूल्याङ्कनले सिकाइ स्तरमा पुऱ्याएको प्रभाव बारे शिक्षकको अनुभव यस प्रकार रहेका छन :

> आवधिक मूल्याङ्कन निश्चित समय अवधिमा लिने मूल्याङ्कन भएतापनि यसलाई शिक्षण सिकाइका क्रममा पनि प्रयोगमा ल्याउन सकिने रहेछ । जसले गर्दा विद्याथीहरूमा कहाँनेर कमी कमजोरी रहेको छ कुन विषयवस्तुमा सुधार गर्नुपर्ने रहेछ भनेर पत्ता लगाई सुधारात्मक मूल्याङ्कन गर्न सकिने रहेछ ।

आवधिक मूल्याङ्कनप्रति विद्यार्थीको अनुभव

> राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को नीतिगत दस्तावेजले आवधिक मूल्याङ्कनलाई सुधारात्मक रचनात्मक मूल्याङ्कन प्रणालीको रूपमा व्याख्या नगरेता पनि आवधिक मूल्याङ्कनलाई सुधारात्मक र रचनात्मक मूल्याङ्कनका रुपमा पनि व्याख्या गर्न सकिन्छ ।

आवधिक मूल्याङ्कनलाई शिक्षकले पढाइराख्नुभएको बेलामा पनि प्रयोगमा ल्याउनुहुन्छ । ४५ मिनेटको समय १ घन्टीको भएपनि उक्त समयमा शिक्षकले कुन विषयवस्तु पढाउनुभएको छ, छलफल गर्नुभएको छ । उक्त विषयवस्तु विद्यार्थीहरुले हासिल गर्न सके की सकेनन् भनी निश्चित समय अवधि तोकेर मूल्याङ्कन गर्नुहुन्छ । उक्त मूल्याङ्कन आवधिक भएतापनि सुधारात्मक र थप पृष्ठपोषण दिने मूल्याङ्कनको रुपमा चिनिन्छ ।

आवधिक मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो । त्यसैले यस मूल्याङ्कनमा पूर्वाग्रहको प्रभाव नपरी उत्तीर्ण र अनुत्तीर्ण छुट्याउने हुँदा मलाई ठिक लाग्छ ।

> आवधिक मूल्याङ्कन वर्षभरिमा पढाएको विषयवस्तु कति हासिल गर्न सके भनेर वार्षिक परीक्षाका रूपमा पनि मूल्याङ्कन गरिँदो रहेछ । त्यस्तैगरी पहिलो र दोस्रो त्रैमासिक परीक्षा पनि निर्णयात्मक मूल्याङ्कनका रूपमा हुने रहेछ । त्यस्तै गरेर आवधिक मूल्याङ्कनलाई शिक्षण सिकाइका क्रममा पनि सुधारात्मक रचनात्मक मूल्याङ्कनका रुपमा प्रयोग गर्न सकिने रहेछ त्यसैले आवधिक मूल्याङ्कन नेपाली भाषा विषयमा प्रभावकारी रहेको छ ।

आवधिक मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कनका रूपमा लिएता पनि शिक्षक र विद्याथीको आवधिक मूल्याङ्कनप्रतिको अनुभवलाई हेर्दा शिक्षण सिकाइका क्रममा पनि प्रयोगमा ल्याउन सकिने कुरा देखियो । उहाँहरूको अनुभवलाई राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्णयात्मक मूल्याङ्कनलाई वार्षिक परीक्षाका रुपमा मात्र व्याख्या गरेता पनि यो त्रैमासिक, मासिक रुपमा र शिक्षण सिकाइका क्रममा पनि निश्चित समय अवधि तोकेर मूल्याङ्कन गर्न सकिने कुरा अध्ययनबाट आएको छ । उक्त मूल्याङ्कनले विद्यार्थीहरूमा देखिएका कमिकमजोरीहरूलाई पहिचान गरी सुधारात्मक मूल्याङ्कन गर्दछ ।

**स्वरूप र उपयोग**

शिक्षण सिकाइका क्रममा निश्चित कक्षा, तहमा विद्यार्थीहरूले प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि अथवा उद्देश्य पूरा भयो वा भएन भनि मूल्याङ्कनद्वारा पत्ता लगाइन्छ । प्रभावकारी शिक्षण पश्चात सिकाइ उपलब्धि निर्धारण गर्ने क्रममा विषयको प्रकृति अनुसार फरक फरक किसिमको मूल्याङ्कनको प्रक्रिया हुन्छ । त्यस्तै किसिममा नेपाली भाषा विषयमा चार ओटै सिप विकास हुने तरिकाले मूल्याङ्कन

गर्नुपर्ने हुन्छ । जहाँ सिर्जनात्मक कार्य, प्रयोगात्मक कार्य आदि क्षमता विकास हुने गरी शिक्षण गरी मूल्याङ्कन गर्नुपर्दछ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को नीति अनुसार वर्तमान मूल्याङ्कन प्रक्रिया व्यवस्था गरेको छ । यसले आधारभूत तह र माध्यमिक तहका लागि छुट्टा छुट्टै मापदण्ड बनाएको छ । आधारभूत तह कक्षा १-३ पूर्ण आन्तरिक मूल्याङकन, कक्षा ४-८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत आवधिक मूल्याङ्कन त्यस्तै गरी साधारण शिक्षा तर्फ कक्षा ९-१२ मा २५ प्रतिशत आन्तरिक मूल्याङ्कन र ७५ प्रतिशत आवधिक मूल्याङ्कन गर्नुपर्ने अर्न्तवार्ता मा सहभागी विद्यार्थी र शिक्षकले नीतिगत व्यवस्थामा भएको मूल्याङ्कन प्रक्रियालाई नै प्रयोग ल्याइरहेको जानकारी दिनुभयो । यस सन्र्दभमा गहन अर्न्तवार्ता प्रश्नावली निर्माण गरी विद्यार्थी र शिक्षकलाई सोधिएको थियो ।

मूल्याङ्कन प्रक्रियाको स्वरूप र उपयोग भन्ने प्रश्नमा शिक्षकको भनाइ यस प्रकारको रहको छ :

> मेरो विद्यालयमा नेपाली विषयको विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्धारण प्रक्रिया उपयुक्त रहेको छ । किनभने यसले पढाइ र लेखाइको माध्यमबाट विषयवस्तुहरूको ज्ञान, बौद्धिक सिप, शैक्षणिक अनुभवहरूको परिणाम स्वरूप विद्यार्थीहरूले प्राप्त गर्ने क्षमता बुझ्न सजिलो हुन्छ ।

आवधिक मूल्याङ्कनको निश्चित समय अन्तरालमा गरिन्छ । यसको स्वरूप यो समयबद्धता, लक्ष्यमुखि र सुधारमुखि हुन्छ । त्यस्तैगरी आवधिक मूल्याङ्कन प्रक्रिया वर्तमान विद्यालय तहका आधारभूत र माध्यमिक तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेबमोजिम गर्ने व्यवस्था छ । यस विषयमा पाठ्यक्रमले तोकेको स्वरूपबारे स्पष्ट कुरा आएन तर उहाँको जवाफमा वर्तमान मूल्याङ्कन प्रक्रियाप्रति विद्यालयका नेपाली भाषा विषयका शिक्षकले आफ्नो धारणा, विचार अनुसार उपयुक्त रहेको कुरा बताउनु छ भन्ने कुरा गर्नुभयो ।

मूल्याङ्कन प्रक्रियाको स्वरूप र उपयोग भन्ने प्रश्नमा विद्यार्थीको भनाइ यस प्रकारको रहको छ :

> विद्यालय तहको विद्यमान विद्यार्थी मूल्याङ्कन प्रणालीलाई कक्षा १-३ मा १०० प्रतिशत आन्तरिक मूल्याङ्कन, कक्षा ४-८ मा ५० प्रतिशत आान्तरिक र ५० प्रतिशत आवधिक मूल्याङ्कन र कक्षा ९-१२ मा २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत आवधिक मूल्याङ्कन गर्ने मापदण्ड रहेको छ ।

अन्तर्वार्ता प्रश्नावलिबाट शिक्षकको प्रतिक्रियालाई हेर्दा विद्यालय तहमा मूल्याङ्कन प्रक्रियाको स्वरूप र उपयोगमा वर्तमान मूल्याङ्कनमा भएको नीतिगत व्यवस्था भए बमोजिम नै हुने कुरा शिक्षकबाट आयो र वर्तमान मूल्याङ्कनमा भएको प्रचलन अनुसार मूल्याङ्कनको स्वरूप र प्रक्रिया उपयुक्त रहेको कुरा बताउनुभयो । कक्षा ६, ७ र ८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ (घिमिरे खनाल र अन्य आवधिकःपृ.३५ ) । शिक्षकबाट आएको कुरालाई हेर्दा र उल्लेखित सैद्धान्तिक मान्यतालाई हेर्दा आवधिक मूल्याङ्कनको स्वरूपमा समानता देखिएको छ ।

**उपयोगिता**

वर्तमान समयमा आवधिक मूल्याङ्कनको प्रयोगमा कक्षा ४-८ मा ५० प्रतिशत र साधरण शिक्षा तर्फको कक्षा ९-१२ मा ७५ प्रतिशत प्रयोग गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ । नीतिगत व्यवस्थामा यस प्रकारको व्यवस्था भएपनि आवधिक मूल्याङ्कनलाई विषयको प्रकृति अनुसार नेपाली भाषा विषय शिक्षणका क्रममा पनि कार्यान्वयनमा ल्याउन सकिन्छ । त्यस्तै गरी नेपाली भाषा विषय शिक्षणका क्रममा पनि विभिन्न क्रियाकलापहरू गराउन सकिन्छ, जस्तै अनुलेखन, श्रुतिलेखन, सिर्जनात्मक लेखन, प्रतियोगितात्मक लेखन आदि । यसरी विद्यार्थीहरूले शिक्षणका क्रममा के कति भाषिक सिपहरू हासिल गर्न

सके भनि निश्चित समयावधि तोकेर आवधिक मूल्याङ्कन गर्न सकिन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा विद्यार्थीहरूको शैक्षिक सत्रको अन्त्यमा भाषा पाठ्यक्रमले तय गरेको कक्षागत सिकाइ उपलब्धिहरू के कति मात्रमा पूरा भए वा भएनन् भनि गरिने मूल्याङ्कनलाई आवधिक मूल्याङ्कनको रूपमा चिनिएता आवधिक मूल्याङ्कनलाई शैक्षिक सत्रको अन्त्यमा लिइने वार्षिक परीक्षाको रूपमा मात्र प्रयोग नगरी शैक्षिक सत्रको जुनसुकै समयमा पनि प्रयोगमा ल्याउन सकिन्छ । यस सन्दर्भमा अध्ययनका क्रममा सम्बन्धित विद्यालयका सहभागी शिक्षक र विद्यार्थीहरूलाई आवधिक मूल्याङ्कनको उपयोगिता र यसको प्रयोगका अवस्थाबारे गहन अर्न्तवार्ता प्रश्नावलि तयार पारी सोधिएको थियो । आवधिक मूल्याङ्कनको प्रयोगको अवस्था के कस्तो रहेको छ भनि अध्ययनका क्रममा गहन अर्न्तवार्ता प्रश्नावलि तयार पारी सम्बन्धित क्षेत्रमा सहभागी शिक्षक र विद्यार्थी रहनुभएको थियो । उहाँहरूको अनुसार आवधिक मूल्याङ्कनलाई वार्षिक अर्धवार्षिक रूपमा प्रयोग गरिने र कक्षाकोठामा शिक्षणका क्रममा पनि आवश्यकता बमोजिम विविध क्रियाकलापहरू जस्तै कथाकथन, सिर्जनात्मक कार्य, प्रयोगात्मक कार्य आदि गराएर गर्ने गरेको बताउनुभयो ।

शिक्षण सिकाइका क्रममा आवधिक मूल्याङ्कनको प्रयोग कसरी गर्नुहुन्छ भनि शिक्षकलाई प्रश्न गर्दा उहाँको भनाइ यस प्रकार रहेको छ :

> नेपाली भाषा विषयमा आवधिक मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाका रूपमा विद्यालयमानै शिक्षण गराएर, परियोजना कार्य गराएर गर्ने गरेको छ ।

आवधिक मूल्याङ्कन निश्चित समयावधि तोकेर व्यवस्थित रूपमा सञ्चालन गरिन्छ । यस मूल्याङ्कनले विद्यार्थीहरूको सिकाइ उपलब्धिको निर्णय गर्न र आवश्यकताबमोजिम सुधार गर्नका लागि पनि प्रयोग गरिन्छ । विद्यालय तहमा आवधिक मूल्याङ्कन विषयको प्रकृति अनुसार फरक फरक ढङ्गले सञ्चालन गर्न सकिन्छ । त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाहरू आवधिक मूल्याङ्कनका स्वरूप हुन् । यी समयहरूमा र आवश्यकता बमोजिम शिक्षण सिकाइका क्रममा आवधिक मूल्याङ्कन गर्न सकिन्छ । यस प्रश्नमा शिक्षकले शिक्षण गराएर र परियोजना गराएर नेपाली भाषा विषय शिक्षणमा आवधिक मूल्याङ्कन गर्ने कुरा गर्नुभयो उहाँको जवाफमा आवधिक मूल्याङ्कनको प्रयोगमा आउनुपर्ने पर्याप्त कुरा नआएको देखिन्छ ।

त्यस्तै गरी अध्ययनका क्रममा गहन अर्न्तवार्ता प्रश्नावलि तयार पारी सम्बन्धित क्षेत्रका सहभागी विद्यार्थीहरूलाई आवधिक मूल्याङ्कनलाई कक्षाकोठामा नेपाली भाषा विषय शिक्षकले कसरी प्रयोग गर्नुहुन्छ भन्ने प्रश्न गरिएको थियो यस विषयमा विद्यार्थीहरूको भनाइ यस प्रकार रहेको छः

> हाम्रो विद्यालयमा नेपाली भाषा विषयको शिक्षणमा आवधिक मूल्याङ्कन गर्ने गर्नु भएको छ । यस क्रममा प्रत्येक एकाइको अन्त्यमा, त्रैमासिक रूपमा र वार्षिक रूपमा आवधिक मूल्याङकन गर्नुहुन्छ ।

निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत र आवधिक परीक्षाको ७५ प्रतिशत भार कायम गरी मूल्याङ्कन गरिने छ(घिमिरे खनाल र अन्य.पृ.३५.२०८०)। विद्यार्थीबाट प्राप्त कुरालाईलाई हेर्दा र पाठ्यक्रमले तोकेबमोजिमको सैद्धान्तिक कुरालाई हेर्दा विद्यालयले आवधिक मूल्याङ्कनको प्रयोग नियम बमोजिम हुने कुरा देखियो ।

नेपाली भाषा विषय शिक्षणका क्रममा आवधिक मूल्याङ्कन गर्ने गर्नुभएको छ । आवधिक मूल्याङ्कन शिक्षण सिकाइका क्रममा अनुलेखन, श्रुतिलेखन, निबन्ध लेखन, सिर्जनात्मक लेखन गराएर गर्नुहुन्छ ।

आवधिक मूल्याङ्कन विद्यार्थीहरूको सिकाइउपलब्धिको निर्धारण गर्ने महत्त्वपूर्ण साधन हो। आवधिक मूल्याङ्कनलाई शिक्षणसिकाइका क्रममा विविध तरिकाले प्रयोगमा ल्याउन सकिन्छ, जस्तै : कुनै पाठ शिक्षण पश्चात एकाइ परीक्षा त्यस्तै गरी सिर्जनात्मक लेखन, परियोजना लेखन, रचनात्मक लेखन आदि यी क्रियाकलापहरूले विद्यार्थीहरूको क्षमताको विकार गर्नमा सहयोग गर्दछ। त्यसैले शिक्षण सिकाइका क्रममा आवधिक मूल्याङ्कनको उपयोतिता रहेको छ। यस सन्दर्भमा नेपाली भाषा विषय शिक्षकले विविध लेखनहरू गराएर कक्षाकोठामा आवधिक मूल्याङ्कन गर्ने कुरा सहभागी विद्यार्थीबाट आएको छ।

अर्का विद्यार्थीका भनाइ अनुसार आवधिक मूल्याङ्कनको प्रयोग कक्षाकोठामा शिक्षण सिकाइका क्रममा निर्णयात्मक रूपमा मात्र प्रयोग नगरी सुधारात्मक रूपमा पनि प्रयोग गर्ने गरेको देखियो।

> मासिक, त्रैमासिक र वार्षिक परीक्षा लिएर आवधिक मूल्याङ्कन गर्नुहुन्छ र शिक्षणका क्रममा पनि आज पढेको पाठ पढेर आउ भोलि परीक्षा लिन्छु भनेर आवधिक रूपमा परीक्षा लिने गर्नुभएको छ।

शिक्षक र विद्यार्थीहरूको प्रतिक्रियालाई हेर्दा विद्यालयमा शिक्षणका क्रममा र कुनै विषयवस्तु शिक्षण पश्चात आवधिक मूल्याङ्कन लिने गरेको देखियो। आवधिक मूल्याङ्कनमा पूर्वाग्रहको प्रभाव नपरी मूल्याङ्कन हुन्छ। यसले विद्यार्थीहरूको स्तर निर्धारण पनि गर्छ। त्यसैले शिक्षणसिकाइका क्रममा आवधिक मूल्याङ्कनको उपयोगिता रहेको छ।

अध्ययनका क्रममा सम्बन्धित विद्यालयका सहभागी शिक्षक र विद्यार्थीहरूलाई आवधिक मूल्याङ्कनको उपयोगिता बारे गहन अर्न्तवार्ता प्रश्नावलि तयार पारी सोधिएको थियो। उहाँहरूको जवाफमा आवधिक मूल्याङ्कनको उपयोगिता रहेको कुरा गर्नुभएको छ। आवधिक मूल्याङ्कनलाई शिक्षण सिकाइको क्रममा आवश्यकता बमोजिम प्रयोगमा ल्याउन सकिन्छ। आवधिक मूल्याङ्कनको उपयोगिताबारे विद्यार्थीहरूको भनाइ यस प्रकार रहेको छ :

> नेपाली भाषा विषय शिक्षणका क्रममा आवधिक मूल्याङ्कनको उपयोगिता छ किनभने यसले विद्यार्थीको सिकाइ र प्रगतिको मापन गर्छ, स्तर निर्धारण गर्छ, सुधारका लागि अवसर दिन्छ, पृष्ठपोषण प्रदान गर्छ।

आवधिक मूल्याङ्कनले बाह्य मूल्याङ्कन मात्र गर्छ भन्नु यो विचारले आवधिक मूल्याङ्कनको उपयोगिता पर्याप्त हुँदैन। किनकि आवधिक मूल्याङ्कनलाई बाह्य मूल्याङ्कनका रूपमा मात्र बुझ्ने पनि यसले सुधारात्मक मूल्याङ्कन पनि गर्दछ। यसको प्रयोग विद्यार्थीहरूको स्थान निर्धारण गर्नका लागि गरिन्छ। यसले स्थान निर्धारण मात्र नगरि आवश्यकता बमोजिम विद्यार्थीहरूलाई पृष्ठपोषण पनि दिने काम गर्दछ। अध्ययनका क्रममा सहभागी विद्यार्थीको भनाइले आवधिक मूल्याङ्कनको उपयोगितालाई स्पष्ट पारेको छ।

> नेपाली भाषा सिकाइका लागि आवधिक मूल्याङ्कनको उपयोगिता छ। किनकि आन्तरिक मूल्याङ्कन मात्र हुँदा पढ्ने बानी हराउँछ, नपढे पनि त्यसै पास भइन्छ भन्ने मानसिकता विद्यार्थीहरूमा हुन्छ। कक्षाकार्य, गृहकार्य गरे मात्र कक्षा चढ्न सकिन्छ भन्ने मान्यता रहेको हुन्छ।

आवधिक मूल्याङ्कन बाह्य प्रकृतिको हुन्छ, यो औपचारिक हुन्छ। त्यसैले यसले विद्यार्थीहरूको विषयवस्तुमा के कति ज्ञान प्राप्त गर्न सके र एउटा तह वा कक्षामा प्राप्त गर्नुपर्ने विषयवस्तु प्राप्त गरेका छन् कि छैनन् भनि आवधिक परीक्षा लिएर मात्र कक्षा वा तह चढाउने गर्दछ। त्यसैले आवधिक मूल्याङ्कनले विद्यार्थीहरूमा पढ्ने बानिको विकास गर्दछ। अध्ययनका क्रममा सहभागि विद्यार्थीको

भनाइलाई हेर्दा आवधिक मूल्याङ्कनको प्रयोगले विद्यार्थीहरूमा पढ्ने बानिको विकास ल्याउँछ भन्ने कुरा आएको देखिन्छ । उहाँको भनाइ अनुसार आवधिक मूल्याङ्कनको उपयोगिता रहेको देखिन्छ ।

> नेपाली भाषा विषय सिकाइका लागि आवधिक मूल्याङ्कनको उपयोगिता रहेको छ । यसबाट नेपाली विषयको लेखन सिप, स्वतन्त्र लेखन, ह्रस्व-दीर्घ सम्बन्धि नियम सिक्न सिकाउन विद्यार्थीहरूको यस्ता पक्षको मापन गर्न यो प्रभावकारी छ ।

आवधिक मूल्याङ्कनको उपयोगिताको सम्बन्धमा नीतिगत नियम र विद्यार्थीहरूबाट आएको प्रतिक्रिया अनुसार नेपाली भाषा विषयमा आवधिक मूल्याङ्कनको उपयोगिता देखिन्छ । वर्तमान समयमा बढी निरन्तर मूल्याङ्कनको प्रयोगलाई जोड दिइरहेको देखिन्छ । तर पनि विद्यालयको सिकाइ उपलब्धिमा सुधार हुनुभन्दा शैक्षिकस्तर झन खस्किएको देखिन्छ । यस सर्न्दभमा पनि आवधिक मूल्याङ्कनको उपयोगिता देखिन्छ ।

**सन्तुष्टि**

शिक्षण सिकाइका क्रममा सिकाइ उपलब्धि निर्धारण गर्ने मूल्याङ्कनका साधन मध्य आवधिक मूल्याङ्कन पनि हो । यो बढि औपचारीक प्रकृतिको हुन्छ । यसले विद्यार्थीहरूको स्तर निर्धारण गर्छ ।

आवधिक मूल्याङ्कनप्रति अभिभावकहरू सन्तुष्ट छन् भनेर शिक्षकलाई र विद्यार्थीहरू स्वयम्लाई गहन अर्न्तवार्ता प्रश्नावलि तयार पारी सोधिएको थियो । आवधिक मूल्याङ्कन प्रति अभिभावक सन्तुष्ट नै रहेको कुरा शिक्षकले जानकारी गराउनुभयो । आवधिक मूल्याङ्कनले निष्पक्ष रूपमा सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने हुँदा विद्यार्थीहरूको वास्तविक नतिजा आउँछ भन्ने जस्ता कुरा अभिभावकहरूबाट आउने बताउनुभयो । आवधिक मूल्याङ्कन प्रति अभिभावकहरू सन्तुष्ट छन् भन्ने प्रश्नमा शिक्षकको भनाइ यस प्रकार रहेको छ :

> आवधिक मूल्याङ्कन प्रति अभिभावकहरू सन्तुष्ट हुनुहुन्छ किनकि वर्तमान समयमा बढी आन्तरिक मूल्याङ्कनलाई प्राथमिकता दिइएको र सिकाइ उपलब्धि झन खस्कदो अवस्थामा पुगेका कारण आवधिक मूल्याङ्कनमा पूर्वाग्रहको प्रभाव नपर्ने हँदा सिकाइमा वास्तविक नतिजा आउने कुरा अभिभावकहरूबाट आउँछ ।

आवधिक मूल्याङ्कन परम्परागत देखिनै प्रचलनमा रहेको मूल्याङ्कन प्रणाली हो । त्यसैले यसलाई मूल्याङ्कनका भरपर्दो साधनका रूपमा चिनिन्छ । वर्तमान समयमा आन्तरिक मूल्याङ्कनको हाबी भएता पनि विद्यार्थीहरूको वास्तविक सिकाइ उपलब्धि निर्धारण गर्ने वार्सवि साधन आवधिक मूल्याङ्कनलाई नै मानिन्छ । अध्ययनका क्रममा सम्बन्धित शिक्षकलाई आवधिक मूल्याङ्कन प्रति अभिभावकहरू सन्तुष्ट छन् भन्ने प्रश्नमा अभिभावकहरू सन्तुष्ट रहेको कुरा बताउनुभयो ।

त्यस्तैगरी विद्यार्थीहरूलाई आवधिक मूल्याङ्कनप्रति सन्तुष्ट हुनुन्छ भन्ने प्रश्नमा उहाँहरूको भनाइ यस प्रकार रहेको छ :

> म आवधिक मूल्याङ्कनप्रति सन्तुष्ट छु । शिक्षकहरूले आन्तरीक मूल्याङ्कन यसको मर्म अनुसार मूल्याङ्कन गर्ने गरेको नपाइएकाले विद्यार्थीहरूको वास्तविक मूल्याङ्कन भैरहेको छैन । त्यसैले यस सर्न्दभमा आवधिक मूल्याङ्कन ठिक लाग्छ ।

आवधिक मूल्याङ्कनले विद्यार्थीहरूमा पूर्वाग्रहको प्रभाव नपरी वास्तविक मूल्याङ्कन गर्दछ । वर्तमान समयमा प्रख्यात रूपमा आन्तरिक मूल्याङ्कनको प्रयोग गरेता पनि यसले वास्तविक मूल्याङ्कन गर्न नसकिरहेको कारण आवधिक मूल्याङ्कनप्रति नै सन्तुष्ट रहेको कुरा विद्यार्थीबाट आएको छ ।

त्यस्तै गरी अर्का विद्यार्थीको आवधिक मूल्याङ्कनप्रति सन्तुष्टता प्रश्नमा यस प्रकार भनाइ रहेको छः

> आवधिक मूल्याङ्कनप्रति सन्तुष्ट छु । आन्तरीक मूल्याङ्कनले सिकाइका क्रममा प्रशस्त मूल्याङ्कन गरी सिकाइका लागि सहयोग गर्छ र आवधिक मूल्याङ्कनले विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्छ । यसरी दुवै मूल्याङ्कनका माध्यमबाट सिकाइका लागि मूल्याङ्कन र सिकाइको मूल्याङ्कन गरी मूल्याङ्कनलाई पूर्णता दिन्छ ।

शिक्षण सिकाइका क्रममा आवधिक मूल्याङ्कनको महŒवपूर्ण भूमिका रहेको हुन्छ । किनकि यसले विद्यार्थीहरूको सिकाइ उपलब्धिको वास्तविक मूल्याङ्कन गर्दछ । त्यस्तै गरी वर्तमान मूल्याङ्कन प्रणालीमा आन्तरिक र बाह्य दुवै मूल्याङ्कनका लागि उपयोग गरिन्छ । आवधिक मूल्याङ्कन बाह्य मूल्याङ्कन अन्तर्गत पर्दछ । आवधिक मूल्याङ्कन प्रति विद्यार्थी सन्तुष्ट छ छैन प्रश्नमा सन्तुष्ट रहेको कुरा अध्ययनबाट आएको छ ।

> म आवधिक मूल्याङ्कनप्रति सन्तुष्ट छु किनकि कक्षाकोठामा शिक्षणका क्रममा निश्चित विषयवस्तुका लागि निश्चित समयवधि तोकेर शिक्षकले मूल्याङ्कन गर्नुहुन्छ जसले गर्दा सिकाइमा अझ सहज बन्छ ।

आवधिक मूल्याङ्कनलाई उत्तीर्ण अनुत्तीर्ण छुट्याउनका लागि मात्र नभइ पृष्ठपोषण प्रदान गर्नका लागि प्रयोग गरिन्छ । त्यसैले आवधिक मूल्याङ्कनलाई कक्षाकोठामा शिक्षण सिकाइका क्रममा पनि निश्चित समयावधि तोकेर प्रयोग गर्न सकिन्छ । जसले गर्दा सिकाइ अझ प्रभावकारी बन्छ । अध्ययनका क्रममा विद्यार्थीहरूले पनि आवधिक मूल्याङ्कनप्रति सन्तुष्ट रहेको कुरा बताएका छन् ।

**भाषिक सिप विकास**

पाठ्यक्रमले निर्धारण गरेको कक्षागत सिकाइ उपलब्धि वा उद्देश्यहरू के कति मात्रमा पूरा भए वा भएनन् भनि शैक्षिक सत्रको अन्त्यमा गरिने मूल्याङ्कनलाई आवधिक मूल्याङ्कन भनिन्छ । परिभाषित रूपमा शैक्षिक सत्रको अन्त्यमा लिइने परीक्षा भनिएता पनि आवधिक मूल्याङ्कनलाई शिक्षण सिकाइका क्रममा पनि प्रयोगमा ल्याउन सकिन्छ । आवधिक मूल्याङ्कन भाषिक सिप सिकाइका क्रममा पनि प्रयोगमा ल्याउन सकिन्छ । शिक्षणका क्रममा भाषिक सिप सिकाइमा विद्यार्थीहरूमा देखापरेका समस्याहरू पत्ता लगाई पुनः आवश्यक शिक्षण गरी निश्चित समयावधि तोकेर मूल्याङ्कन गर्न सकिन्छ । आवधिक मूल्याङ्कनबाट भाषिक सिप विकास हुन्छ हुँदैन भनि अध्ययनका क्रममा सम्बन्धित क्षेत्रका सहभागी शिक्षकलाई गहन अर्न्तवार्ता प्रश्नावलि तयार पारी सोधिएको थियो उहाँको जवाफमा भाषिक सिपहरूको विकासमा आवधिक मूल्याङ्कनको पनि भूमिका हुने कुरा बताउनुभयो । आवधिक मूल्याङ्कनलाई शिक्षण सिकाइको क्रममा आवश्यकता बमोजिम प्रयोगमा ल्याउन सकिन्छ । आवधिक मूल्याङ्कनले भाषिक सिप विकास हुन्छ भन्ने प्रश्नमा शिक्षकको भनाइ यस प्रकार रहेको छ :

> आवधिक मूल्याङ्कनबाट विद्यार्थीमा चारै सिपको विकास हुन्छ । किनकि आवधिक मूल्याङ्कन आवश्यकता अनुसार समय समयमा प्रयोगमा ल्याउन सकिन्छ । यसले पनि सुधारात्मक शिक्षण गर्छ । सिकाइमा कमजोर विद्यार्थीहरू छनोट गरी पुनः आवश्यकता बमोजिम शिक्षण गर्न सघाउँ पुर्याउँछ ।

आवधिक मूल्याङ्कनले भाषिक सिपको विकास हुन सक्छ सकदैंन भन्ने विषयमा अध्ययनबाट ले आवधिक मूल्याङ्कनले भाषिक सिपहरूको विकास हुने कुरा शिक्षकबाट आएको छ । आवधिक मूल्याङ्कन विषेशतः औपचारिक र बाह्य प्रकृतिको हुन्छ । यस खालको मूल्याङ्कन विद्यार्थीको भाषा सिकाइलाई खासै पृष्ठपोषण नदिए पनि विविध शैक्षणिक, व्यवसायीक वा प्रमाणिकरण सम्बन्धी प्रयोजनका लागि एक अनिवार्य वा आधिकारिक मूल्याङ्कनका रूपमा अपनाइएको पाइन्छ(ढुङ्गेल र दाहाल:पृ.२७३ ) । सैद्धान्तिक मान्यता अनुसार र अध्ययनमा सहभागि शिक्षकको भनाइमा केहीँ कुरा बाझिएको देखियो । किनकि

शिक्षकको भनाइमा आवधिक मूल्याङ्कलाई अनौपचारिक रूपमा पनि प्रयोगमा ल्याउन सकिने कुरा अन्तर्वाता प्रश्नावलिबाट आएको छ भने सैद्धान्तिक मान्यतामा आवधिक मूल्याङ्कनले भाषिक सिपको विकास गरे पनि औपचारिक रूपमा प्रयोगमा ल्याइन्छ भन्ने कुरा आएको छ ।

**चुनौती**

आवधिक मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन पनि भनिन्छ । खासगरी यसलाई त्रैमासिक परीक्षा, अर्धवाार्षिक परीक्षा, वार्षिक परीक्षा, जिल्लास्तरीय परीक्षा, राष्ट्रिय परीक्षा बोर्डले लिने परीक्षा आदिलाई बुझिन्छ । आवधिक मूल्याङ्कनलाई शिक्षण सिकाइका क्रममा पनि सुधारात्मक मूल्याङ्कनका रूपमा प्रयोगमा ल्याउन सकिन्छ । विद्यार्थीहरूलाई परियोजना कार्य, प्रयोगात्मक कार्य गराएर, सिर्जनात्मक लेखन, श्रुतिलेखन, स्वतन्त्र लेखन, श्रुतिकथाकथन आदि क्रियाकलाप गराएर पनि आवधिक मूल्याङ्कन गर्न सकिन्छ । यस विषयमा अध्ययनका क्रममा सम्बन्धित क्षेत्रका सहभागी शिक्षकलाई आवधिक मूल्याङ्कन के कसरी गर्नुहुन्छ भनि आवधिक मूल्याङ्कन प्रक्रिया र आवधिक मूल्याङ्कन लिने क्रममा के कस्ता चुनौतीहरू देखा पर्छन भनेर गहन अर्न्तवार्ता प्रश्नावलि तयार पारी सोधिएको थियो । उहाँको अनुसार आवधिक मूल्याङ्कन यो निर्णयात्मक प्रवृतिको हुन्छ । यसले विद्यार्थीहरूको स्तर निर्धारण गर्छ । उर्त्तिण अनुर्त्तिण छुट्याउँछ ।  आवधिक मूल्याङ्कन निर्णयात्मक प्रवृतिको भए पनि यसलाई शिक्षण सिकाइका क्रममा पनि भाषिक सिप विकास हुने तरिकाले  प्रयोग गर्न सकिन्छ । कक्षाकोठामा अनुलेखन, श्रुतिलेखन, कथाकथन, सिर्जनात्मक लेखन आदि क्रियाकलाप गराएर पनि आवधिक मूल्याङ्कन गर्न सकिन्छ । आवधिक मूल्याङ्कनलाई निर्णयात्मक रूपमा र सुधारात्मक रूपमा प्रयोगमा ल्याउन सकिन्छ । यस सँगै आवधिक मूल्याङ्कनलाई विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्धारण गर्ने क्रममा केहीँ चुनौतीहरू पनि देखा पर्न सक्छन् भनि सोधिएको थियो । यस विषयमा चुनौतीहरू पनि हुने कुरा शिक्षकबाट आएको छ । आवधिक मूल्याङ्कन एउटा व्यवस्थित र औपचारिक मूल्याङ्क्न प्रणाली भएको कारणले पनि शिक्षण सिकाइका क्रममा समयको अभाव हुने हनाले प्रभावकारी मूल्याङ्कन प्रक्रिया भए पनि प्रयोगमा ल्याउन कठिन हुने र निर्णयात्मक मूल्याङ्कनमा अभिभावकहरूको गुनासाहरू आउने जस्ता कुरा शिक्षकबाट आएको छ ।  आवधिक मूल्याङ्कन कसरी गर्नुहुन्छ र आवधिक मूल्याङ्कन गर्ने क्रममा के कस्ता चुनौतीहरू आइपर्छन्  भन्ने प्रश्नमा नेपाली भाषा विषय शिक्षण गर्ने शिक्षकको भनाइ यस प्रकार रहेको छ :

> नेपाली भाषा विषयमा आवधिक मूल्याङ्कनलाई सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरूले नजानेका विषयहरूमा पुनः शिक्षण गरी निश्चित समयावधि तोकेर परीक्षा लिन्छु । त्यस्तैगरी परियोजना कार्य, प्रयोगात्मक कार्य, अनुच्छेद लेखन, श्रुतिलेखन, कथाकथन, सिर्जनात्मक लेखन आदि गराएर आवधिक मूल्याङ्कन गरीन्छ ।क तर आवधिक मूल्याङ्कन निश्चित समयावधि तोकेर गर्नुपर्ने हुँदा समयको अभाव हुन्छ । आवधिक मूल्याङ्कन त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा लिएर निर्णयात्मक रूपमा पनि आवधिक मूल्याङ्कन गर्ने गरिएको छ ।

आवधिक मूल्याङ्कन व्यवस्थित र औपचारिक मूल्याङ्कन प्रणाली हो । यसको सञ्चालन गर्नका लागि व्यवस्थित रूपमा निश्चित समयावधि ताकेर गर्नुपर्छ । त्यसैले यसको कार्यानवयनमा निश्चित समयवधि तोकेर सञ्चालन गर्नुपर्ने हुँदा समयको, स्रोत साधनको अभाव देखिने जस्ता समस्याहरू आइपर्छन् । त्यसतैगरी अध्ययका क्रममा सम्बन्धित शिक्षकलाई आवधिक के कसरी गर्नुहुन्छ र आवधिक मूल्याङ्कनका क्रममा के कस्ता चुनौतिहरू देखापर्छन् भनि प्रश्न गरिएको थियो  । उहाँको जवाफमा आवधिक मूल्याङ्बनलाई कक्षाकोठामा शिक्षण सिकाइका क्रममा र नीतिगत मान्यताअनुसार गर्ने गरेको बताउनुभयो । आवधिक मूल्याङ्कनका क्रममा समय र स्रोतको अभाव रहने कुरा बताउनुभयो ।

आवधिक मूल्याङ्कनलाई कक्षाकोठामा व्यवस्थित रूपमा प्रयोग गर्नुपर्ने भएकाले शिक्षणसिकाइका क्रममा समय र स्रोत सामग्रीका अभावका कारण प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन सकिदैँन । त्यस्तैगरी वार्षिक परीक्षाको नतिजामा विद्यार्थीहरूलाई अनुत्तीर्ण गराउँदा अभिभावकहरू मेरा छोराछोरी किन फेल भए भन्ने प्रश्न गर्न आउँछन् तर पढाइका क्रममा आएर छोराछोरीको पढाइको अवस्था कस्तो छ भनेर बुझ्न आउदैँनन् ।

आवधिक मूल्याङ्कन प्रक्रिया र आवधिक मूल्याङ्कनका क्रममा के कस्ता चुनौतीहरू देखापर्छन् भन्ने प्रश्नमा शिक्षकले आफ्नो अनुभव बताउनुभएको छ । आवधिक मूल्याङ्कनलाई शिक्षण सिकाइ सुधारको रूपमा र निर्णयात्मक रूपमा प्रयोग गरिन्छ । आवधिक मूल्याङ्कन औपचारिक प्रवृतिको हुन्छ त्यसैले यसको प्रयोगमा पर्याप्त  समय नहुने आवश्यक सामग्रीहरू नहुने जस्ता समस्याहरू हुने कुरा शिक्षकले बताउनुभयो । त्यस्तैगरी वार्षिक रूपमा हुने विद्यार्थीहरूको नतिजामा पनि अभिभावकहरू सन्तुष्ट नहुने जस्ता समस्याहरू आउने कुरा शिक्षकले बताउनुभयो ।

**निष्कर्ष**

निष्कर्षत प्रस्तुत नेपाली भाषा विषय सिकाइमा आवधिक मूल्याङ्कनको प्रभाव र अवस्था शीर्षक अन्तरगत रहेर कक्षा सातमा आवधिक मूल्याङ्कनको अवस्था केलाउनु, भाषिक सिप विकासमा आवधिक मूल्याङ्कनको उपयोगिता पहिल्याउनु र आवधिक मूल्याङ्कनप्रति शिक्षक र विद्यार्थीको अनुभव विश्लेषण गर्नुसँग सम्बन्धित रहेको छ ।

मूल्याङ्कनले विद्यार्थीका सिकाइ सम्बन्धित जानकारी प्राप्त गर्ने ,गुणस्तर लेखाजोखा गर्ने, सकारात्मक वा कमजोर पक्षलाई पहिचान गर्नु र मूल्य वा स्तर निर्धारण गर्ने काम गर्दछ । मूल्याङ्कनलाई शिक्षण सिकाइको चक्रिय प्रक्रियाभित्रको एक अभिन्न अंगको रूपमा लिइन्छ । शिक्षण सिकाइ प्रक्रियामा सिकाइका उद्देश्य तथा विषयवस्तु निर्धारण गर्ने, सिकाइमा पूर्वसमस्याहरूको लेखाजोखा गर्ने, उपयुक्त साधन र विधिहरूको प्रयोग गरी, सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने मूल्याङ्कनका नतिजालाई उपयोग गरी शिक्षण सिकाइ  प्रक्रियामा सुधार ल्याउने काम मूल्याङ्कनले गर्दछ । मूल्याङ्कन शिक्षण सिकाइका क्रममा आवश्यकता बमोजीम विभन्न प्रकृतिको लिन सकिन्छ । त्यसै  अन्तरगत शिक्षणका क्रममा निश्चित विषयवस्तुमा रहेर निश्चित समयावधि तोकेर लिइने मूल्याङ्कन आवधिक मूल्याङ्कन हो । यसले पनि सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ उपलब्धि कति भयो भनेर लेखाजोखा गर्ने काम गर्छ । साथै विद्यार्थीहरूको स्तर निर्धारण गर्ने काम गर्छ ।

आवधिक मूल्याङ्कन अन्तरगत रहेर अध्ययन गर्ने क्रममा सम्बन्धित क्षेत्रका सम्बन्धित व्यक्तिहरू नेपाली भाषा विषय शिक्षक र विद्यार्थीबाट आएको प्रतिक्रिया अनुसार  आवधिक मूल्याङ्कनलाई वार्षिक वा निर्णयात्मक रूपमा मात्र प्रयोग नगरी शिक्षण सिकाइका क्रममा पनि प्रयोग गर्न सकिन्छ । त्यस्तै शिक्षणका क्रममा श्रुतिलेखन, अनुलेखन, सिर्जनात्मक लेखन आदि गराएर आवधिक मूल्याङ्कन गर्ने गरेको अध्ययनबाट आएको छ । यसरी भाषिक सिप विकास हुनुमा आवधिक मूल्याङ्कन उपयुक्त रहेको छ । शिक्षण सिकाइका क्रममा आवधिक मूल्याङ्कनलाई निर्णयात्मक रूपले मात्र प्रयोग नगरी रचनात्मक रूपमा पनि प्रयोग गर्न सकिन्छ । वर्तमान शैक्षिक क्षेत्रमा आधारभूत तहको मूल्याङ्कन प्रणालीमा आन्तरिक अथवा निरन्तर मूल्याङ्कनलाई बढी जोड दिएको पाइन्छ । जुन किसिमले  आन्तरिक मूल्याङ्कनलाई प्रयोग गरी शैक्षिक गुणस्तरमा वृद्धि हुनु पर्ने थियो सोही बमोजिम प्रयोग नगरी पूर्वाग्रहको प्रभावका कारण शैक्षिक गुणस्तर खस्कदो  अवस्था सिर्जना भएकाले यस सर्न्दभमा पनि आवधिक मूल्याङ्कन प्रभावकारी देखिन्छ । आवधिक मूल्याङ्कनमा उच्च विश्वासनीयता हुन्छ । आवधिक मूल्याङ्कनमा पूर्वाग्रहको प्रभाव हुँदैन ।

## सन्दर्भ सामग्री


इडियु-पत्र संवाददाता (२०७६), *विद्यार्थी मूल्याङ्कन तथा प्रमाणीकरण*।

कोइराला, विद्यानाथ र अधिकारी, बालकृष्ण (२०७९), *शैक्षिक मापन तथा मूल्याङ्कन,* पिनाकल पब्लिकेशन ।

घिमिरे, जनार्दन र अन्य (२०६९), *शैक्षिक मापन तथा मूल्याङ्कन,* सनलाइट पब्लिकेसन ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* सनलाइट पब्लिकेशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* पिनाकल पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६,* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौँ ।

पाठ्यक्रम विकास केन्द (२०७९) *शिक्षा,* शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द (२०८०), *विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

बानियाँ, देवु (२०६९), *विद्यार्थी मूल्याङ्कन,* बालकल्याण मा.वि., मेचिनगर-८, झापा ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७९), *शैक्षिणिक विधि र मूल्याङ्कन,* विद्यार्थी पुस्तक भण्डार ।